नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

**इ.प्रा.परिपत्र संख्या : ०५/२०७६-७७** मितिः २०७६/०८/१९

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरू, इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु र राष्ट्रिय स्तरका "ख" वर्गका विकास बैंकहरु ।

**विषय : एकीकृत परिपत्र - २०७४ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोवार गर्न इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्था र अन्य निकायहरुलाई जारी गरिएको एकीकृत परिपत्र-२०७४ मा देहाय बमोजिम संशोधन तथा थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

**क) एकीकृत परिपत्र-२०७४ को परिपत्र नं. ०७/२०७४ को दफा ९ (क) को बुँदा नं. (५) लाई देहाय बमोजिम संशोधन गरिएको छ ।**

**५. यस्तो सटही सुविधा देहायबमोजिम प्रदान गर्न सकिनेछ :**

अ) अमेरिकी डलर ३,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको लागि आवश्यक कागजातहरु लिई सटही सुविधा प्रदान गर्न सकिनेछ ।

आ) नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिसको आधारमा सटही रकम पुष्टि हुने कागजातहरु लिई अमेरिकी डलर ३,००० भन्दा अधिक १०,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म ड्राफ्ट/टि.टि.को माध्यमबाट वाणिज्य बैंकहरुबाट नै सटही सुविधा प्रदान गर्न सकिनेछ ।

इ) अमेरिकी डलर १०,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा माथिको भुक्तानीको लागि नियामक निकायको सिफारिस सहित यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ । साथै, नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा अमेरिकी डलर ३,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा अधिक रकमको भुक्तानीको लागि समेत यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ ।

**ख) एकीकृत परिपत्र-२०७४ को परिपत्र नं. १२/२०७४ को दफा (१), (२) र (३) लाई देहाय बमोजिम संशोधन गरिएको छ।**

१. अमेरिकी डलर ३,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको लागि आवश्यक कागजातहरु लिई सटही सुविधा प्रदान गर्न सकिनेछ।

नेपालमा दर्ता भएका फर्म, कम्पनी वा संस्थाले अमेरिकी डलर ३,००० भन्दा बढीको विदेशी विनिमयमा दायित्व सृजना हुने गरी विदेशस्थित कुनै सेवा प्रदायकसँग सम्झौता गर्नु परेमा वा सेवा बापतको भुक्तानी गर्नु पर्ने भएमा आफ्नो नियामक निकायबाट स्वीकृति वा सिफारिस प्राप्त गर्नु पर्नेछ। सिफारिस गर्ने नियामक निकायले सो सेवा वा कार्य सम्पन्न भए पश्चात् पठाउने रकम यकीन गरी विद्यमान व्यवस्था बमोजिम यस विभाग समक्ष सटही सुविधा उपलब्ध गराउन सिफारिस गर्नु पर्नेछ।

नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सटही सिफारिसको आधारमा सटही रकम पुष्टि हुने कागजातहरु लिई अमेरिकी डलर ३,००० भन्दा अधिक १०,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्म ड्राफ्ट/टि.टि.को माध्यमबाट वाणिज्य बैंकहरुबाट नै सटही सुविधा प्रदान गर्न सकिनेछ।

२. अमेरिकी डलर १०,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्राभन्दा माथिको भुक्तानीको लागि नियामक निकायको सिफारिस सहित यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ। साथै, नियामक निकाय नभएको र नियामक निकायबाट सम्झौता/सहमति स्वीकृत वा सिफारिस हुन नसकेको अवस्थामा अमेरिकी डलर ३,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा अधिक रकमको भुक्तानीको लागि समेत यस विभागको स्वीकृतिको आधारमा मात्र सटही सुविधा प्रदान गर्नुपर्नेछ।

३. विदेशस्थित सेवा प्रदायकसँग अमेरिकी डलर ३,००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी रकमको सम्झौता गरी विदेशी मुद्रा सटहीका लागि यस विभाग समक्ष स्वीकृति माग गर्दा देहायका कागजात पेश गर्नु पर्नेछ :

(क) फर्म, कम्पनी वा संस्था दर्ता प्रमाणपत्र र करदर्ता प्रमाणपत्र।

(ख) कर चुक्ता प्रमाणपत्र वा कर विवरण बुझाएको प्रमाण र सेवा बापत अग्रिम कर दाखिला गरेको निस्सा (TDS)।

(ग) पछिल्लो लेखापरीक्षण प्रतिवेदन।

(घ) सेवा प्रदान गर्ने संस्थासँग गरेको प्रमाणित सम्झौता र बीलबीजक।

(ङ) सम्झौता बमोजिम गरेको कार्यको विवरण सहित संचालक समितिबाट सटही सुविधा माग गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि र विदेशी मुद्रा अपचलन भएमा सोको सम्पूर्ण जिम्मेवारी लिने स्वःघोषणा।

(च) काम सम्पन्न भएको पुष्टी हुने कागजातहरु।

(छ) काम प्रदान गर्ने संस्था (Employer) बाट भुक्तानी प्राप्त भएको भए रकम खुल्ने कागजात र बैंक स्टेटमेण्ट ।

(ज) नियामक निकायको सिफारिस (उपलब्ध भएमा) ।

भवदीय,

(सरिता भट्ट अधिकारी)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
५. श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
६. श्री नेपाल सरकार, गृह मन्त्रालय, अध्यागमन विभाग ।
७. श्री नेपाल सरकार, राजश्व अनुसन्धान विभाग ।
८. श्री नेपाल सरकार, भन्सार विभाग ।
९. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
१०. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
११. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
१२. श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखा परीक्षण विभाग ।
१३. श्री नेपाल बैंकर्स संघ ।
१४. श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।
१५. श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१६. श्री नेपाल उद्योग परिसंघ ।